नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था विभाग

(मीनभवन, काठमाडौं)

फोनः ४४७४९२१
फ्याक्सः ४४७४९२२
इ-मेलः info@dotm.gov.np
वेभ साइटः www.dotm.gov.np

(प्रकाशित मितिः २०८०।०२।२८)

टयाक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी मापदण्डको मस्यौदाको विषयमा
सल्लाह, सुझाव तथा राय-परामर्श सम्बन्धी

## अत्यन्त जरुरी सूचना

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २३ को उपदफा (१)ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले "टयाक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी मापदण्ड, २०८०" निर्धारण गर्न लागेको सन्दर्भमा यातायात व्यवस्था विभागबाट तयार गरिएको उक्त मापदण्ड सम्बन्धी मस्यौदाको बारेमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २०मा भएको व्यवस्था बमोजिम सरोकारवालाहरु तथा नागरिक समाजबाट समेत आवश्यक परामर्श लिनका लागि विभागको वेभ-साइट www.dotm.gov.np र सामाजिक सञ्जाल पृष्ट www.facebook.com/dotmgovnp मार्फत यसै सूचनासंगै सो मापदण्ड सम्बन्धी मस्यौदा सार्वजनिक गरिएको छ।

उपरोक्त मापदण्डको मस्यौदाका सम्बन्धमा वस्तुपरक सल्लाह, सुझाव तथा राय-परामर्श मिति २०८०।०३।०४ भित्र आइपुग्ने गरी विद्युतीय माध्यम मार्फत यस विभागको आधिकारिक इमेल ठेगाना info@dotm.gov.np वा फेसबुक पेज www.facebook.com/dotmgovnp मा वा पत्र मार्फत विभागको मीनभवन, काठमाडौं स्थित कार्यालयमा पठाइदिनहुन सरोकारवालाहरु तथा नागरिक समाजमा अनुरोध छ ।

निर्धारित मितिभित्र विभाग समक्ष प्राप्त हुन आएका सल्लाह, सुझाव तथा राय-परामर्शलाई समेत ध्यान दिई मापदण्डको मस्यौदालाई अन्तिम रुप दिइनेछ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

# ट्याक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी मापदण्ड, २०८०

## १. संक्षिप्त नाम र प्रारम्भः

यस मापदण्डको नाम "ट्याक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी मापदण्ड २०८०" रहेको छ । यो मापदण्ड नयाँ ट्याक्सीको रुपमा दर्ता हुने वा पुराना ट्याक्सीको संचालन अवधि समाप्त भई ती ट्याक्सीको सट्टामा दर्ता हुने नयाँ सवारीको हकमा यातायात व्यवस्था विभागले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको मिति देखि नेपालभर लागू हुनेछ ।

## २. परिभाषाः

(क) “ऐन” भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ सम्झनु पर्छ ।

(ख) ”कार्यालय” भन्नाले सम्बन्धित प्रदेश सरकार अन्तर्गतको यातायात व्यवस्था कार्यालय सम्झनु पर्छ ।

(ग) “जाँचपास” भन्नाले ऐन/नियमावली बमोजिम सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनु पर्छ .

(घ) “ट्याक्सी" भन्नाले चालक सहित बढीमा ५ सीट क्षमता भएको सार्वजनिक यातायातमा प्रयोग हुने सानो सवारी सम्झनु पर्छ ।

(ङ) “नियमावली” भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ समझ्नु पर्छ ।

(च) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको यातायात व्यवस्था विभाग सम्झनु पर्छ ।

(छ) “मन्त्रालय" भन्नाले नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्छ ।

(ज)"सवारी" भन्नाले यस मापदण्डको सन्दर्भमा यान्त्रिक शक्तिबाट सडकमा चल्ने चार टन भन्दा कम वजन भएका चार पाङ्ग्रे सवारीको साधन सम्झनु पर्छ ।

(झ) मापदण्डमा प्रयोग भएका शब्द तथा शब्दावलीहरुको अर्थ: यस मापदण्डमा प्रयोग भएका सवारीको आकार, यान्त्रिक क्षमता, सुरक्षा विशेषता तथा सुविधा सम्बन्धी शब्द तथा शब्दावलीहरुको अर्थ प्राविधिक रुपमा स्थापित र प्रचलित अभ्यास अनुसार नै हुनेछ ।

## ३. ट्याक्सीमा प्रयोग हुने इन्धनः

पेट्रोल, विद्युतीय शक्ति, कम्प्रेस्ड नेचुरल ग्याँस, लिक्वीफाइड पेट्रोलियम ग्याँस वा यी स्रोतहरुको मिश्रणबाट चल्ने सवारी ट्याक्सीको रुपमा प्रयोग हुन सक्नेछ । लिथियम आयन व्याट्रीबाट संचालन हुने सवारी मात्र विद्युतीय ट्याक्सीको रुपमा प्रयोग हुन सक्नेछ ।

## ४. छतमा प्रयोग हुने रङ्गः

ट्याक्सीको छतमा पहेंलो रङ्ग लगाइएको हुनु पर्नेछ ।

परामर्श प्रयोजनका लागि प्रकाशित मस्यौदा: यातायात व्यवस्था विभाग

**५. न्यूनतम सुरक्षा विशेषता:**

टयाक्सीको रुपमा प्रयोग हुने सवारीमा अनुसूची १ अनुसारका सुरक्षा विशेषता अनिवार्य रुपमा हुनु पर्नेछ ।

**६. टयाक्सीको वर्गीकरण:**

आकार, यान्त्रिक क्षमता तथा उपलब्ध सुविधाको स्तर लगायतका आधारमा टयाक्सीहरुलाई निम्नानुसारका ३ वर्गमा वर्गीकरण गरिएको छ ।

क) साधारण (Ordinary) : अनुसूची २ अनुसारका सवारी यस वर्गमा पर्नेछन ।

ख) विशेष (Deluxe): अनुसूची ३ अनुसारका सवारी यस वर्गमा पर्नेछन ।

ग) विशिष्ट (Luxury): अनुसूची ४ अनुसारका सवारी यस वर्गमा पर्नेछन ।

**७. वर्ग कायम गर्नु पर्ने:**

१. नेपालमा पैठारी, उत्पादन वा एसेम्बल भएको सवारीको कुनै मोडललाई टयाक्सीको रुपमा दर्ता गराउन चाहने पैठारीकर्ता (आधिकारिक विक्रेता), उत्पादक वा एसेम्बली कर्ताले अनुसूची ५ को ढाँचामा तोकिए अनुसारका कागजात संलग्न राखी वर्ग कायम गराउन विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

२. उपदफा १ अनुसार प्राप्त निवेदन उपर अनुसूची १, २, ३ वा ४ का आधारमा आवश्यक जाँचबुझ गर्दा यो मापदण्ड अनुसार रहेको पाइएमा विभागले सवारी मोडेलको वर्ग कायम गरी अनुसूची ६ बमोजिम वर्ग कायम प्रमाणपत्र दिनेछ ।

३. उपदफा १ अनुसारको निवेदन उपर जाँचबुझ गर्ने क्रममा विभागले सवारीको भौतिक निरीक्षण तथा परीक्षण गर्न, गराउन तथा आवश्यक्ता अनुसार थप विवरण तथा कागजात माग गर्न सक्नेछ ।

४. उपदफा २ अनुसार दिइएको वर्ग कायम प्रमाणपत्र सवारीको मोडेलमा उत्पादक वा एसेम्बलीकर्ताले कुनै परिवर्तन नगरेसम्म मान्य हुनेछ । सवारीको आकार, यान्त्रिक क्षमता, सुरक्षा विशेषता तथा उपलब्ध सुविधा जस्ता पक्षहरुमा उत्पादक वा एसेम्बलीकर्ताले कुनै परिवर्तन गरेमा परिवर्तित मोडेलको वर्ग कायमका लागि उपदफा १ अनुसार विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

**८. टयाक्सी दर्ता तथा टयाक्सीको निरीक्षण:**

१. प्रदेश सरकार मातहतको यातायात व्यवस्था कार्यालयले दफा ७ को उपदफा २ बमोजिम वर्ग कायम प्रमाणपत्र प्राप्त मोडेलको सवारीलाई मात्र टयाक्सीको रुपमा दर्ता गर्न सक्नेछ ।

२. सम्बन्धित कार्यालयले टयाक्सीको रुपमा संचालन हुने सवारीको दर्ता गर्दा, रुट इजाजत जारी गर्दा वा जाँचपास गर्दा सो सवारी यस मापदण्ड अनुसार भए नभएको बारे अनुसूची ७ बमोजिम निरीक्षण गरी यकीन गरेर मात्र गर्नु पर्नेछ ।

**९. वर्ग सम्बन्धी संकेत चिन्ह:**

परामर्श तथा सुझावका लागि प्रकाशित मस्यौदा यातायात व्यवस्था विभाग

प्रत्येक ट्याक्सीमा अनुसूची ८ मा तोकिए अनुसार वर्ग खुलेको संकेत चिन्ह टाँस्नु पर्नेछ ।

**<u>१०. छतमा राखिने संकेत बत्ती:</u>**

प्रत्येक ट्याक्सीको छतमा अगाडि र पछाडिबाट देखिने गरी अनुसूची ९ अनुसारको उपलब्धता सूचक बत्ती राख्नु पर्नेछ ।

**<u>११. सहायक उपकरणहरु जडान भएको हुनु पर्ने:</u>**

प्रत्येक ट्याक्सीमा अनुसूची १० अनुसारका सहायक उपकरणहरु अनिवार्य रुपमा जडान भएको हुनु पर्नेछ ।

**<u>१२. ट्याक्सीको वर्ग अनुसारको भाडा दर:</u>**

१. साधारण वर्गको ट्याक्सीको भाडादर नेपाल सरकारले ट्याक्सीको लागि तोकेको भाडा दर बराबर हुनेछ ।

२. विशेष वर्गको ट्याक्सीको भाडा दर साधारण वर्गको ट्याक्सीको भन्दा २०% बढी हुनेछ ।

३. विशिष्ट वर्गको ट्याक्सीको भाडा दर साधारण वर्गको ट्याक्सीको भन्दा १००% बढी हुनेछ ।

**<u>१३. विविध</u>**

१. यस मापदण्डमा कुनै संशोधन गर्नु पर्ने भएमा विभागले मन्त्रालयको सैद्धान्तिक सहमति लिई सार्वजनिक सूचना प्रकाशन गरी गर्न सक्नेछ ।

२. यस मापदण्डमा लेखिएको कुनै कुरा ऐन तथा नियमावलीमा भएको व्यवस्थासंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

३. ऐन तथा नियमले नसमेटेको कुनै विषयमा यस मापदण्डमा गरिएको व्यवस्था सम्बन्धित विषयगत प्रचलित नेपाल कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**<u>१४. खारेजी र बचाउ:</u>**

१. मिटर जडित ट्याक्सीको मापदण्ड २०७६ खारेज गरिएको छ ।

२. उपदफा १ को मापदण्ड अन्तर्गत भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै मापदण्ड अन्तर्गत भए गरेका मानिनेछन ।

परामर्शका लागि प्रकाशित मस्यौदा: यातायात व्यवस्था विभाग

## अनुसूची १ (दफा ५ संग सम्बन्धित)
## ट्याक्सीका लागि प्रयोग हुने  सवारीमा हुनु पर्ने न्यूनतम सुरक्षा विशेषताहरु

१. Anti-Lock Braking System (ABS) and Electronic Brake Force Distribution (EBD)
२. Driver and Co-Driver Air Bags (At least two)
३. High Speed Alert System
४. Rear Door Child Lock
५. Seat Belts for all Seats (Front and Rear)
६. Central Locking
7. Driver and Co-Driver Seat Belt Reminder
८. Rear Parking Sensor or Rear View Camera

परामर्श प्रयोजनको लागि प्रकाशित मस्यौदा: यातायात व्यवस्था विभाग

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन काठमाडौं

<u>**अनुसूची २ (दफा ६को खण्ड क संग सम्बन्धित)**</u>

<u>**साधारण ट्याक्सी (Ordinary Taxi ) मा हुनु पर्ने प्राविधिक विशेषता तथा सुविधाको विवरण:**</u>

<table>
<tr><th colspan="2">इन्टरनल कम्बसन इन्जिन जडित सवारी</th><th colspan="2">विद्युतीय सवारी</th></tr>
<tr><td>इन्जिन डिस्प्लेसमेन्ट भोल्युम:<br>(१.५% सम्म कम समेत समवेश हुने)</td><td>८०० सि.सि. वा सो भन्दा माथि</td><td>व्याट्रीमा संचित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (केजी) बीचको न्यूनतम अनुपात</td><td>०.०१२</td></tr>
<tr><td>अधिकतम इन्जिन वा मोटर शक्ति:</td><td colspan="3">३० किलो वाट वा सो भन्दा माथि</td></tr>
<tr><td>अधिकतम इन्जिन वा मोटर टर्क:</td><td colspan="3">६० न्यूटन मिटर वा सो भन्दा माथि</td></tr>
<tr><td>व्हील बेस :</td><td colspan="3">२३०० मि.मि . वा सो भन्दा माथि</td></tr>
<tr><td>बुट स्पेश (मालसामान राख्ने क्षमता)<br>(सबै सीट सिधा अवस्थामा राख्दा):</td><td colspan="3">१६० लिटर वा सो भन्दा माथि</td></tr>
<tr><td colspan="4">अन्य सुविधा:<br>मनोरन्जनका लागि कम्तीमा सवारीको अगाडि वा पछाडि साउण्ड सिस्टम (स्पिकर)</td></tr>
</table>

परामर्श प्रयोजनको लागि प्रकाशित मस्यौदा: यातायात व्यवस्था विभाग



**<u>अनुसूची ३ (दफा ६को खण्ड ख संग सम्बन्धित)</u>**

**<u>विशेष ट्याकसी (Deluxe Taxi ) मा हुनु पर्ने प्राविधिक विशेषता तथा सुविधाको विवरणः</u>**

| इन्टरनल कम्बसन इन्जिन जडित सवारी | | विद्युतीय सवारी | |
|---|---|---|---|
| इन्जिन डिस्प्लेसमेन्ट भोल्युम: (१.५% सम्म कम समेत समवेश हुने) | १२०० सि.सि. वा सो भन्दा माथि | व्याट्रीमा संचित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (केजी) बीचको न्यूनतम अनुपात | ०.०१९ |
| अधिकतम इन्जिन वा मोटर शक्ति: | ५० किलो वाट वा सो भन्दा माथि | | |
| अधिकतम इन्जिन वा मोटर टर्क: | ८० न्यूटन मिटर वा सो भन्दा माथि | | |
| व्हील बेस : | २४०० मि.मि . वा सो भन्दा माथि | | |
| बुट स्पेश (मालसामान राख्ने क्षमता) (सबै सीट सिधा अवस्थामा राख्दा): | २०० लिटर वा सो भन्दा माथि | | |
| अन्य सुविधा:<br>१. मनोरन्जनका लागि सवारीको अगाडि र पछाडि साउण्ड सिस्टम (स्पिकर)<br>२. टच स्क्रीन सहितको डिस्प्ले स्क्रीन कम्तीमा एक<br>३. विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झ्याल (अगाडि र पछाडि)<br>४. जाडो गर्मी सबै मौसमको लागि उपयुक्त हुने स्वचालित वातानुकुलन प्रणाली<br>५. पछाडि रिडिङ ल्याम्प हुनु पर्ने | | | |

## अनुसूची ४ (दफा ६को खण्ड ग संग सम्बन्धित)

## विशिष्ट टयाक्सी (Luxury Taxi) मा हुनु पर्ने प्राविधिक विशेषता तथा सुविधाको विवरण:

| इन्टरनल कम्बसन इन्जिन जडित सवारी | | विद्युतीय सवारी | |
|---|---|---|---|
| इन्जिन डिस्प्लेसमेन्ट भोल्युम:<br>(१.५% सम्म कम समेत समवेश हुने) | २००० सि.सि. वा सो भन्दा माथि | व्याट्रीमा संचित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (केजी) बीचको न्यूनतम अनुपात | ०.०२५ |
| अधिकतम इन्जिन वा मोटर शक्ति: | १०० किलो वाट वा सो भन्दा माथि | | |
| अधिकतम इन्जिन वा मोटर टर्क: | १७० न्यूटन मिटर वा सो भन्दा माथि | | |
| व्हील बेस : | २७०० मि.मि . वा सो भन्दा माथि | | |
| बुट स्पेश (मालसामान राख्ने क्षमता)<br>(सबै सीट सिधा अवस्थामा राख्दा): | ४०० लिटर वा सो भन्दा माथि | | |

अन्य सुविधा:

१. मनोरन्जनका लागि सवारीको अगाडि र पछाडि साउण्ड सिस्टम (स्पिकर)

२. सवारीको पछाडिको सीट पङ्तिका लागि टच स्क्रीन सहितको डिस्प्ले स्क्रीन कम्तीमा २

३. विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झ्याल (अगाडि र पछाडि)

४. जाडो गर्मी सबै मौसमको लागि उपयुक्त हुने हावाको गुणस्तर नियन्त्रण सहितको स्वचालित वातावरण नियन्त्रण क्षमताको वातानुकुलन प्रणाली

५. पछाडिको सीटको लागि समेत वातानुकुलित हावा प्रवाह हुने हावा पथ

६. पछाडिको सीटमा शिर अडयाउने हेड रेष्ट

७. पछाडिको यात्रुको लागि हाथ अडयाउने आर्म रेष्ट हुनु पर्ने

८. अगाडि र पछाडि कप होल्डर हुनु पर्ने

९. पछाडि रिडिङ ल्याम्प हुनु पर्ने

१०. पछाडिको सीटका यात्रुका लागि मोवाइल तथा अन्य विद्युतीय उपकरणहरु चार्ज गर्न डिसि वा एसी पावर आउटलेट

११. WIFI इन्टरनेट सुविधा

१२. अगाडिको शिर कक्ष (Front Head Room) र पछाडिको शिर कक्ष (Rear Head Room) कम्तीमा क्रमशः १००० मि.मि. र ९५० मि.मि. हुनु पर्ने (१% सम्म कम समेत समावेश हुने गरी)

१३. अगाडिको पाउ कक्ष (Front Leg Room) र पछाडिको पाउ कक्ष (Rear Leg Room) कम्तीमा क्रमशः १००० मि.मि. र ९०० मि.मि. हुनु पर्ने (१% सम्म कम समेत समावेश हुने गरी)

# अनुसूची ५ (दफा ७ को उपदफा १ संग सम्बन्धित)
# सवारीको वर्ग कायम गराउन विभाग समक्ष दिइने निवेदनको ढाँचा

| हुलाक टिकट |
|---|

श्रीमान महानिर्देशक ज्यू
यातायात व्यवस्था विभाग

विषयः ट्याक्सीको रुपमा प्रयोग गर्नका लागि सवारी-मोडलको वर्ग कायम गराई पाउँ ।

___उत्पादक कम्पनी/एसेम्बलीकर्ताको नाम, ठेगाना___ ले उत्पादन/एसेम्बली गरेको निम्नानुसारको विवरण भएको सवारीको मोडललाई **ट्याक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी मापदण्ड २०७७** अनुसार जाँचबुझ गरी _वर्गको प्रकार_ वर्गमा कायम गरी पाउँ भनी आधिकारिक विक्रेता/उत्पादक/ एसेम्बलीकर्ता को रुपमा सवारीको आधिकारिक स्पेसिफिकेसन म्यानुअल/ब्रोसर साथै राखी यो निवेदन पेश गरेका छौ ।

सवारीको विवरणः

१. उत्पादक/एसेम्बली कम्पनीको नाम, ठेगाना:
२. सवारीको मोडल/वर्ष:
३. इन्धन:
४. सीट संख्या:
५. व्हील बेस:
६. सवारीको कूल भार (GVW):
७. इन्जिनको डिस्पेलेसमेन्ट भोल्युम (IC Engine सवारीको हकमा):
८. ब्याट्रीमा संचित हुन सक्ने कूल उर्जा kWh मा (विद्युतीय सवारीको हकमा):
९. इन्जिन/विद्युतीय मोटरको अधिकतम पावर, kW मा:
१०. इन्जिन/विद्युतीय मोटरको अधिकतम टर्क, Nm मा:
११. सबै सीट सिधा अवस्थामा हुँदा सवारीको मालसामान कक्षको क्षमता, लिटरमा (Boot Space):
१२. सवारीमा रहेका सुरक्षा विशेषता:

| क्र.सं. | सुरक्षा विशेषता | भए /नभएको |
|---|---|---|
| १. | Anti Lock Braking System (ABS) and Electronic Brake Force Distribution (EBD) | |
| २. | Driver and Co-Driver Air Bags (At least two) | |
| ३. | High Speed Alert System | |
| ४. | Rear Door Child Lock | |
| ५. | Seat Belts for all Seats (Front and Rear) | |

| क.सं. | सुरक्षा विशेषता | भए /नभएको |
|---|---|---|
| ६. | Central Locking | |
| ७. | Driver and Co-Driver Seat Belt Reminder | |
| ८. | Rear Parking Sensor or Rear View Camera | |

## १३. सवारीमा रहेका सुविधाः

| क.सं. | सुविधाहरु | भएका सुविधाहरुको विवरण |
|---|---|---|
| 1. | साउण्ड सिस्टम (स्पिकर) | |
| 2. | टच स्क्रीन सहितको डिस्प्ले स्क्रीन | |
| 3. | विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झ्याल | |
| 4. | वातानुकुलन प्रणाली | |
| 5. | पछाडिको सीटको लागि समेत वातानुकुलित हावा प्रवाह हुने हावा पथ | |
| 6. | पछाडिको सीटमा शिर अडयाउने हेड रेष्ट | |
| 7. | पछाडिको यात्रुको लागि हाथ अडयाउने आर्म रेष्ट | |
| 8. | अगाडि र पछाडि कप होल्डर | |
| 9. | पछाडिको रिडिङ ल्याम्प | |
| 10. | पछाडिको डिसि वा एसी पावर आउटलेट | |
| 11. | WIFI इन्टरनेट सुविधा | |
| 12. | अगाडिको शिर कक्ष (Front Head Room) र पछाडिको शिर कक्ष (Rear Head Room) | |
| 13. | अगाडिको पाउ कक्ष (Front Leg Room) र पछाडिको पाउ कक्ष (Rear Leg Room) | |

परामर्श प्रयोजनको लागि प्रकाशित मस्यौदा: यातायात व्यवस्था विभाग

______________

निवेदकको सही
नाम,थरः
ठेगानाः
मितिः

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय यातायात व्यवस्था विभाग मीनभवन, काठमाडौं

## अनुसूची ६ (दफा ७ को उपदफा २ संग सम्बन्धित)
## वर्ग कायम सम्बन्धी प्रमाणपत्रको ढाँचा

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग

प्रमाण पत्र नं:
आर्थिक वर्ष:

### टयाक्सीको रुपमा प्रयोग हुने सवारीको वर्ग कायम गरिएको प्रमाणपत्र

(उत्पादक/ एसेम्बलीकर्ता कम्पनीको नाम, ठेगाना) ले (वर्षमा) उत्पादन गरेको निम्नानुसारको विवरण भएको मोडेल नाम को सवारीलाई टयाक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी मापदण्ड २०७७ बमोजिम (वर्गको प्रकार) वर्गमा कायम गरी यो प्रमाणपत्र दिइएको छ ।

सवारीको विवरणः

1. इन्धन:
2. सीट संख्याः
3. व्हील बेस:
4. सवारीको कूल भार (GVW):
5. इन्जिनको डिस्पेलेसमेन्ट भोल्युम:
6. व्याट्रीमा संचित हुन सक्ने कूल उर्जा:
7. इन्जिन/विद्युतीय मोटरको अधिकतम पावर:
8. इन्जिन/विद्युतीय मोटरको अधिकतम टर्क:
9. सबै सीट सिधा अवस्थामा हुँदा सवारीको मालसामान कक्षको क्षमता, लिटरमा (Boot Space):

प्रमाणपत्र जारी गर्ने अधिकारीको सही
नाम, थर:
पद:
मिति:

(यो प्रमाणपत्र उत्पादक वा एसेम्बलीकर्ताले सवारीको मोडेलमा आकार, यान्त्रिक क्षमता, सुरक्षा विशेषता तथा उपलब्ध सुविधा जस्ता पक्षहरुमा कुनै परिवर्तन नगरेसम्म मान्य हुनेछ ।)

परामर्श प्रयोजनका लागि प्रकाशित मस्यौदा: यातायात व्यवस्था विभाग

## अनुसूची ७ (दफा ८ को उपदफा २ संग सम्बन्धित)
## कार्यालयले गर्ने निरीक्षणको सूची

| क.सं. | निरीक्षणको विषय | देखिएको विवरण |
|---|---|---|
| १. | सवारीको मोडल/वर्ष | |
| २ . | उत्पादक/एसेम्बलरको नाम, ठेगाना | |
| ३. | मोडलका लागि विभागबाट जारी भएको प्रमाणपत्र नं र मिति | |
| ४. | कायम भएको वर्ग | |
| ५. | छतमा पँहेलो रङ्ग प्रयोग भए/नभएको | |
| ६. | वर्ग अनुसारको संकेत चिन्ह् प्रयोग भए/नभएको | |
| ७. | छतमा मापदण्ड अनुसारको  संकेत बत्ती जडान भए/नभएको | |
| ८. | प्रिन्टर सहितको डिजिटल भाडा मिटर जडान भए/नभएको | |
| ९. | डिस्पले सहितको जि.पि.एस. न्याभिगेसन प्रणाली जडान भए/नभएको | |
| १०. | सवारीको जाँचपास भए/नभएको : | |
| ११. | सवारीको समग्र भौतिक अवस्था ठीक भए/नभएको: | |
| १२. | इन्जिन नम्बर: | |
| १३, | च्यासिस नम्बर: | |
| | | |

उपरोक्तानुसारको  सवारी ट्याक्सीको रुपमा दर्ता गर्न उपयुक्त भए/नभएको बारे प्राविधिक कर्मचारीको राय:

निरीक्षण गर्ने प्राविधिक कर्मचारीको सही
नाम, थर:
पद:
मिति:

परामर्श प्रयोजनको लागि प्रकाशित मस्यौदा: यातायात व्यवस्था विभाग


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

## <u>अनुसूची ८ (दफा ९ संग सम्बन्धित )</u>
## <u>सवारीमा राखिने वर्ग खुल्ने संकेत चिन्ह</u>


साधारण (Ordinary), विशेष (Deluxe) तथा विशिष्ट (Luxury) वर्गका ट्याक्सीहरुमा ८० x ८० मि.मि. को वर्गाकार पारदर्शी प्लाष्टिक भित्र रातो रङ्गमा कम्तीमा ६० मि.मि. उचाईका अंग्रेजी अक्षरहरु क्रमश: "O", “D” वा “L” लेखिएका स्टिकरहरु टाँस्नु पर्नेछ ।

प्रत्येक ट्याक्सीमा निम्नानुसारका चार स्थानमा सवारीको वर्ग खुल्ने संकेत चिन्ह भएको स्टिकर टाँस्नु पर्नेछ:


1. अगाडिको सिसाको चालक तर्फको माथिल्लो कुना
2. पछाडि पट्टिको दायाँ र बायाँ ढोकाको सिसामा
3. पछाडिको सिसाको दायाँ तर्फको कुनामा




साधारण (Ordinary)





विशेष (Deluxe)




विशिष्ट (Luxury)

परामर्श यातायात व्यवस्था विभाग

## अनुसूची ९ (दफा १० संग सम्बन्धित)
## छतमा राखिने संकेत वत्ति




छतमा राखिने संकेत बत्ती (Rooftop Indicator Lamp Box) को नाप ( मि.मि. मा)
(लम्बाई: २८०-३२०, चौढाई: ८०-१०० र उचाई: ९०-११०, अक्षरको उचाई कम्तीमा ६०)

अर्थोगोनल्ली प्रोजेक्टेड नाप उपरोक्त अनुसारमा नबढ्ने गरी अर्घ वृताकार वा अन्य डिजाइनको बत्ती समेत राख्न सकिनेछ । बत्तीमा लेखिएको अंग्रेजी "TAXI" शब्द अगाडि र पछाडि दुवै तर्फबाट प्रष्ट देखिनु पर्नेछ ।




सवारी खाली हुँदा बल्ने हरियो संकेत बत्ती




सवारी खाली नहुँदा बल्ने रातो संकेत बत्ती




सवारी सेवामा नहुँदा ( When Off Duty ) बल्ने सेतो संकेत बत्ती

बत्तीमा बालिने ३ थरि रङ्गको नियन्त्रण स्वीच चालक सीटको अगाडि जडान गर्नु पर्नेछ ।

परामर्श प्रयोजनको प्रकाशित : यातायात व्यवस्था विभाग

## अनुसूची १०

## टयाक्सीका लागि प्रयोग हुने कारहरुमा हुनु पर्ने अनिवार्य सहायक उपकरण :

१. प्रिन्टर सहितको डिजिटल भाडा मिटर

२. डिस्पले सहितको जि.पि.एस. न्याभिगेसन प्रणाली

परामर्श प्रयोजनको लागि प्रकाशित मस्यौदा: यातायात व्यवस्था विभाग